# जिल्ला विकास समितिको कार्यालय अर्घाखाँचीको सामाजिक परीक्षण कार्यक्रमको

## ( प्रगति प्रतिवेदन )

**२०७०/२०७१**

**<u>पेश गरिएको</u>**

**नेपाल सरकार**
**संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय**
**जिल्ला विकास समितिको कार्यालय**
**सन्धिखर्क, अर्घाखाँची**

**<u>पेश गर्ने</u>**


**समाजसेवा तथा वातावरण र संस्कृति संरक्षण समुह** (SSECPG)

**अर्घाखाँची**

**को तर्फवाट**
**बाबुराम पौडेल र लक्ष्मण भट्टराई**

**फोन नं. ०७७ ६९०५३३, इमेल** : ssecpgorg@gmail.com

# सारांश

सार्वजनिक सेवाप्रवाहलाई नागरीक हित अनुकुल तुल्याउनु पर्ने आवस्यकता, आम नागरिकहरुको राज्य प्रतिको अपेक्षामा आएको बढात्तरी तथा चेतनास्तरमा भएको विकासका कारण वृद्धि हुदै गएको अवस्थामा स्थानीय तहमा संचालन हुने कार्यक्रम सेवा प्रदायक र सेवाग्राहि बिचमा सार्वजनिकिकरण भएको हुनुपर्दछ । स्थानीय निकायले उपलव्ध गराउने सेवाको सर्वसुलभ उपलव्धता, सेवाको गुणस्तरियता र कर्मचारीहरुको सेवाभावलाई आम नागरिकहरु माभ्र राखेर कार्य सम्पादनको स्थितीलाई मापन गर्न नेपाल सरकारले २०६७ सालमा स्थानीय निकायमा सामाजिक परीक्षण कार्यविधि निर्देशिका पारित गरी सवै स्थानीय निकायमा सामाजिक परीक्षण कार्यको थालनी गरेको छ ।

यसै क्रममा जिल्ला विकास समितिको कार्यालय, अर्घाखांचीले आफ्नो मातहतमा रहेका स्थानीय निकायहरुको सामाजिक परीक्षण गर्ने कार्यलाइ निरन्तरता दिदै आ.व.२०७०/०७१ मा यस जिल्ला विकास समितिको कार्यालयको सामाजिक परीक्षण कार्यक्रम संचालन गरेको छ । स्थानिय निकायवाट प्रदान गरिने विभिन्न सेवाहरू तथा सामाजिक जिम्मेवारी पुरा गरे नगरेको र सामुदायिक विकास सम्बन्धी क्रियाकलापहरूलाई आम सर्वसाधारणलाई जानकारी गराई पारदर्शीता वृद्धि गर्ने, आम नागरिकहरू ( महिला, गरिब, दलित, जनजाति एवं पिछडिएको समुदाय समेत ) को प्रत्यक्ष सहभागिताका आधारमा सामुदायिक विकास कार्यक्रमहरु प्रति उनीहरूको अधिकार, जिम्मेवारी र अपनत्वको भावना विकास गर्ने, सेवा प्रदायक निकायहरूलाई आम नागरिकहरू विशेषगरि महिला, गरिब, दलित, जनजाति एवं पिछडिएको समुदाय समेत प्रति बढी जवाफदेही बनाई स्थानिय सेवाका अपेक्षित उपलब्धि हासिल गर्ने कार्यमा योगदान पुऱ्याउने, आम नागरिक र सेवा प्रदायक निकायहरूबीच खुल्ला रूपमा सही सूचना आदानप्रदान, विविध विषयमा वहस, छलफल र नियमित सम्वादको संस्कार स्थापित गर्ने तथा सम्वन्धित सेवाग्राही, सरोकारवालाहरु तथा सेवा प्रदायक निकाय विच समन्वयात्मक भावनाको विकास गराउने प्रमुख उद्धेश्य लिई सामाजिक परीक्षणको कार्यक्रमलाई कार्यान्वयन तहमा लगिएको छ ।

यो उद्धेश्यलाई प्रात्त गर्न पूर्व तैयारी भेटघाट समन्वय सम्पर्क, योजना व्यवस्थापन समिति तथा उपभोक्ता सनिति संग अन्तरक्रिया, सूचना तथा जानकारी संकलन विभिन्न तहमा लक्षित समुह मार्फत सेवा लिइ फर्केका सेवा ग्राहीहरुसंग अन्तरक्रिया, सुचनाको बिश्लेषण तथा आमभेला जस्ता प्रक्रिया अपनाउदै सेवा प्राप्त गर्ने मध्य गरिब, महिला र बञ्चितिमा परेका समुदायको संख्या र सेवाको नियमितता, कार्यकम सेवा प्रदान गर्ने लक्ष्य, प्रगती र जानकारी तथा अघिल्लो आ.व. संगको तुलनात्मक अवस्था, जि.वि.स. समितिको बैठकको नियमितता र बञ्चितिमा परेका व्यक्तिहरुको उपस्थिति तथा बैठकमा भएका महत्वपूर्ण निर्णयहरु, जनचेतना प्रवाह, गुनासो सुन्ने परिपाटीको व्यवस्था, लैङ्गिक संवेदनशिलता तथा सेवाको गुणस्तर सुधारको लागि विभिन्न निकायहरुबाट भएका प्रयासहरु जस्ता विषयमा केन्द्रित रही आम समुदायबाट प्रात्त नतिजाहरुलाई सामूदायिक अङ्क पत्रको सहयोगले विश्लेषण गर्दै प्रतिवेदन तयार गरी प्रतिवेदन आम जनता तथा सरोकारवाला सवै वीचमा सार्वजनिकीकरण गर्न आम भेलाको तयारी तथा सञ्चालन गरी सुधारको लागी कार्ययोजना निर्माण गर्दै सामाजिक परिक्षण कार्यक्रम सम्पन्न गरिएको थियो ।

सामाजिक परिक्षणको क्रममा समुदायमा गरिएको छलफल तथा अर्न्तक्रियामा अर्घाखाँची क्षेत्र नं. २ को ठाडा गा.वि.स.को कार्यालय ठाडामा २५ महिला, ३४ पुरुष गरि जम्मा ५९ जनाको सहभागिता, अर्घाखाँची क्षेत्र नं. १ को बल्कोट गा.वि.स.को कार्यालय बल्कोटमा १२ महिला, ३९ पुरुष गरि जम्मा ५१ जनाको सहभागिता र सदरमुकाम सन्धिखर्कमा ०७ महिला, ४१ पुरुष गरि जम्मा ४८ जनाको सहभागिता रहेको थियो । यसै क्रममा आम समुदायबाट प्राप्त सूचनाको विश्लेषण गर्दा सामाजिक परिक्षण

गरिएको स्थानिय निकाय द्धारा आम समुदायलाई लक्षित गरि आर्थिक पारदर्शिता, गुनासो सुन्ने व्यावस्था तथा कार्यक्रममा उपलबध हुने सेवा सुविधाको प्रवाह सम्वन्धमा आमनागरिकहरु बीचमा केहि मात्रामा सामाजिक परीक्षणका प्रभावले जानकारी प्रदान गरेको देखिन्छ ।

सबै स्थानीय निकायहरुको सेवा प्रवाह, स्थानीय निकायको तह अनुसार उपलब्ध हुने सेवालाई आम समुदायको बीचमा पुऱ्याउन तथा स्थानीय निकायहरुको सेवा प्रवाहमा निरन्तरता कायम गर्दै लक्षित समुहका व्याक्तिहरुमा सेवा तथा आवश्यक सूचना पूऱ्याउन, कार्यपद्धतीमा समय अनुसार स्थानिय स्रोत र साधन परिचालनमा जोड दिन, आर्थिक पारदर्शिता कायम गर्न, लैङ्गिक पक्ष तथा गोपनियतामा जोड दिदै स्वच्छ र सफा वातावरणमा सेवा प्रवाहमा नियमितता र गुणस्तरियता वृद्धी गर्न सम्बन्धित जवाफदेही वा कार्यान्वयन गर्ने गराउने पक्षबाट स्विकृत जनाई तत्काल कार्य सम्पन्न गर्नको निमित्त निर्मित स्थानीय निकायमा सामाजिक परीक्षण सहित गत बर्षको प्रभाव र कार्यान्वयन पक्षमा समिक्षा गरि स्थानीय निकाय प्रतिको जनभावनाको लेखाजोखा गर्ने कार्य गरि आफ्नो सेवालाई प्रभावकारी बनाउदै उपलब्ध सेवा सुविधा सबै जनताहरुको बिचमा सार्वजनिकीकरण गर्न एक वर्षे कार्ययोजना सम्वन्धित सरोकारवालाहरु र आमसमुदायको बीचमा रहने वातावरण समेत मिलाईएको छ ।

# विषयसुची

१ पृष्ठभुमि....4

२. सामाजिक परीक्षणको उद्धेश्य....4

३. सामाजिक परीक्षणको अवधि....5

४.अध्ययन विधि....5

५. अध्ययनको सिमा....6

६. बृहत छलफल कार्यक्रमको विवरण....7

७. स्थानिय निकाय र विषयगत कार्यालय / गैर सरकारी संस्थाको विवरण....16

८. सामाजिक परीक्षणवाट देखिएका सवल पक्षहरु....22

९. सामाजिक परीक्षणवाट देखिएका चुनौती तथा कमिकमजोरीहरु....22

१०. सामाजिक जिम्मेवारी पुरा गर्न स्थानिय निकायले चाल्नु पर्ने कदमहरु व सुझावहरु....23

१२. अनुसुचिहरु ....24

१४.१ सामाजिक परीक्षण कार्यक्रममा प्रयोग भएका प्रश्नावली....25

१४.२ विभिन्न जारि सुचना एवं पत्रहरु र आमभेलाको आचार सहिंता....25

१४.३ आमभेला कार्यक्रममा प्रयोग भएका फारमहरु....25

१४.४ सामाजिक परीक्षण कार्यक्रमका विभिन्न भेलाहरुको उपस्थिति....25

१४.५ आमभेलाका केहि झलकहरु....25

# १. पृष्ठभुमि

स्थानीय निकायले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्य सम्पादनको लेखाजोखाका लागि केन्द्रित रहेर सामाजिक परीक्षण गरिएको थियो । सामाजिक परीषणका सैद्धान्तिक र व्यबहारिक पक्षलाई समेटदै स्थानीय निकायलाई ऐन तथा नियमावली, तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार सन्चालित कार्यक्रम, आयोजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी वहन गर्न सक्ने संस्थागत क्षमता आदीको सामाजिक विकासका सुचकहरुलाई आधारमानि लेखाजोखा गरिएको छ ।

स्थानीय निकायहरुको समग्र स्रोत परिचालन, व्यवस्थापन एवम् काम कारवाहीमा कार्यकुशलता र प्रभावकारिता अभिबृद्धि गर्ने प्रयोजनका लागि नेपाल सरकार एवम् विकास साझेदारबाट स्थानीय निकायलाई प्राप्त हुने सबै प्रकारका अनुदान, स्थानीय निकायको आन्तरिक आयबाट प्राप्त हुने रकम तथा कोषमा प्राप्त हुने सबै प्रकारका स्रोत तथा स्थानीय स्रोत साधनलाई एकीकृत र समन्वित गरि गरीब, महिला, बालबालिका तथा सामाजिक, आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग र समुदाय एवम् क्षेत्रको समेत पहुँच र स्वामित्व रहने गरी सन्तुलित तवरबाट स्थानीय तहमा सेवा प्रवाह सुशासन, जवाफदेही, मितव्ययी, पारदर्शी, उत्तरदायी, समावेशी, समतामूलक, सहभागितामूलक, दीगो र गुणस्तरयुक्त गराउादै स्थानीय निकायको सेवा प्रवाहलाई नागरीक हित अनुकुल बनाउनुपर्ने आवस्यकता वृद्धि हुदै गएको छ ।

सुशासन ऐन २०६३ तथा नियमावलि २०६४, सुचनाको हक सम्बन्धि ऐन २०६३, स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावलि २०५६ र स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०६४ बमोजिम स्थानीय तहमा संचालन हुने कार्यक्रम सेवा प्रदायक र सेवाग्राहि बिचमा सार्वजनिकिकरण भएको हुनुपर्दछ । सार्वजनिक सेवाको रुपमा रहेको स्थानीय सेवामा सम्पूर्ण नागरिकहरुको पहुच र संलग्नतालाई वृद्धि गर्दै सामाजिक परीक्षणको प्रकृयालाई प्रभावकारी बनाउन स्थानीय निकायका लागि सामाजिक परीक्षण कार्य विधि २०६७ प्रकाशनमा आएको हो ।

यसै क्रममा जिल्ला विकास समितिको कार्यालय, अर्घाखाँचीको सहयोगमा समाजसेवा तथा वातावरण र संस्कृति संरक्षण समुह (SSECPG) अर्घाखाँचीका सामाजिक परीक्षक द्वय बाबुराम पौडेल र लक्ष्मण भट्टराई द्धारा जिल्ला विकास समितिको कार्यालय र मातहतका  विभिन्न बिषयगत कार्यालयहरुमा सामाजिक परिक्षणको कार्य गरि स्थानीय निकाय प्रतिको जनभावनाको लेखाजोखा गर्ने कार्य गरि आफ्नो सेवालाई प्रभावकारी बनाउदै उपलब्ध सेवा सुविधा सबै जनताहरुको बिचमा सार्वजनिकीकरण गर्न अग्रसर भएको छ ।

# २.सामाजिक परीक्षणको उद्धेश्य

स्थानीय निकायको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्ने प्रक्रियालाई मार्गदर्शन गर्नु यसको उद्धेश्य हुनेछ । यसै गरि सरकारी कार्यालयहरुलाई सर्बसाधारणहरू प्रति बढी उत्तरदायी, पारदर्शी र जनताको चासो प्रति बढी जवाफदेही र सम्वेदनशिल वनाउनु हो । यो प्रक्रियाको प्रमुख उद्देश्यहरू निम्न अनुसार छन्

- स्थानिय निकायवाट प्रदान गरिने विभिन्न सेवाहरू र सामुदायिक विकास सम्बन्धी क्रियाकलापहरूलाई आम सर्वसाधारणलाई जानकारी गराई पारदर्शीता वृद्धि गर्ने ।
- सरोकारवालाहरुको पृष्ठपोषणबाट प्राप्त भएका सुझावहरुलाई परिस्कृत गर्दै स्थानीय निकायले आगामी दिनमा कार्य सम्पादनमा सुधार ल्याउन प्रभावकारी कार्ययोजना बनाउन मदत पुर्याउनु,

- आम नागरिकहरू (महिला, गरिब, दलित, जनजाति एवं पिछडिएको समुदाय समेत) को प्रत्यक्ष सहभागिताका आधारमा विकासका कार्यक्रमहरु प्रति उनीहरूको अधिकार, जिम्मेवारी र अपनत्वको भावना विकास गर्ने ।
- सेवा प्रदायक निकायहरूलाई आम नागरिकहरू विशेषगरि महिला, गरिब, दलित, जनजाति एवं पिछडिएको समुदाय समेत प्रति बढी जवाफदेही बनाई स्थानीय निकायका सेवाका अपेक्षित उपलब्धि हासिल गर्ने कार्यमा योगदान पुऱ्याउने ।
- आम नागरिक र सेवा प्रदायक निकायहरूबीच खुल्ला रूपमा सही सूचना आदानप्रदान, विविध विषयमा वहस, छलफल र नियमित सम्वादको संस्कार स्थापित गर्ने ।
- सम्वन्धित सेवाग्राही, सरोकारवालाहरु तथा सेवा प्रदायक स्थानीय निकाय विच समन्वयात्मक भावनाको विकास गराउने ।
- आम नागरिकहरूमा विकास निर्माण सम्बन्धी सूचना माग गर्ने र सेवा प्रदायकहरूमा सुचना प्रवाह गर्ने संस्कार स्थापित गर्ने ।

## ३. सामाजिक परीक्षणको अवधि

जिल्ला विकास समितिको कार्यालय, अर्घाखाँचीले आर्थिक बर्ष २०७०/०७१ मा संचालन गरेका विभिन्न कार्यक्रम तथा गतिविधिहरुको सम्बन्धमा मिति २०७१ आश्विन ०७ गते देखि २०७१ कार्तिक २५ गते सम्म सामाजिक परीक्षण कार्यक्रम कार्य सम्पन्न गरिएको छ ।

## ४. अध्ययन विधि

स्थानिय निकायको सामाजिक परिक्षण कार्य गर्दा निम्नानुसारका अध्ययन विधी तथा प्रकृयाहरु अपनाईएको थियो ।

१. सन्दर्भ सामग्री अध्ययन र समिक्षा :-
सामाजिक परीक्षणको सिलसिलामा सन्दर्भ सामग्रीको रुपमा स्थानीय निकाय सम्वन्धि ऐन, नियम, कार्यविधिहरु र निर्देशिकाहरु, स्थानीय निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उदेश्य, आवधिक तथा वार्षिक योजना (बिषयगत कार्यालयहरुको समेत), सामाजिक उपलब्धि, कार्य सम्पादन, नागरीक वडापत्र, सार्वजनिक परीक्षण/सुनुवाइका प्रतिवेदनहरु, बार्षिक तथा चौमासिक प्रतिवेदनहरु तथा अन्य आवश्यक सामग्रीहरुको अध्ययन पश्चात स्थानीय निकयले सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्वन्धमा समिक्षा र बिश्लेषण गरिएको थियो ।

२. अन्तरवार्ता र प्रशनावलिको प्रयोग :-
सामाजिक कार्यसमपादनको क्रममा सामाजिक जिममेवारी वहनमा देखिएका प्रमुख समस्या, चुनौती, तिनिहरुको कार्यान्वयनको अबस्था र भावि कार्यदिशाका बारेमा सामाजिक परीक्षण सुचकहरुका आधारमा स्थानीय निकायका पदाधिकारीहरु, शाखा प्रमुख, आयोजना प्रमुख, बिषयगत कार्यालय प्रमुखहरु संग अर्धसंरचित (Semi-structured) अन्तरवार्ता लिईएको थियो । स्थानिय निकायवाट सेवा लिई  कार्यालयको परिसर नजिकमा भेटिएका सेवा ग्राहि सँग यस प्रतिको धारणा पहिचान गर्नको लागि प्रशनावलिको प्रयोग गरिएको थियो ।

३. स्थलगत निरीक्षण र अवलोकन :-

सेवाको आर्थिक तथा प्राविधिक पक्षको लेखाजोखा गर्न अभिलेख तथा ब्यावस्थापन पक्ष र योजनाको स्थलगत निरीक्षण तथा प्रत्यक्ष अवलोकन गरि आर्थिक पक्ष, योजनाले पारेको प्रभाव, सामाजिक उपलब्धि तथा कार्यसम्पादनको विवरण, सामाजिक जिममेवारी वहनमा देखिएका प्रमुख समस्या, चुनौती, तिनिहरुको कार्यान्वयनको अबस्था र भावि कार्यदिशा जस्ता पक्षहरुको जानकारी लिईएको थियो ।

४. सामुदायिक अंक पत्र :-

सेवा प्रदायकलाइ आफुले दिएको सेवा सम्बन्धमा र सेवाग्राहिलाई यस कार्यलयले दिएको सेवा सुविधा सम्बन्धमा १० पुर्णाङ्कमा अङ्कन गर्ने कार्य गरिईएको थियो ।

५. विषय केन्द्रित समूह छलफल :-

स्थानिय निकायले प्रदान गरेको सेवा सुविधाको सम्बन्धमा र स्थानिय निकायर योजनाहरुलाई व्यवस्थित बनाउन निर्मित ब्यावस्थापन र उपभोक्ता समिति सँग त्यसै गरि जिल्ला वासि सरोकार वाला सँग सम्बन्धित पक्षमा छलफल गरिनुको साथै स्थानिय निकायवाट सेवा लिएका तथा सेवा प्राप्त गर्नवाट बञ्चित दलित, जनजाती, महिलाहरु सँग प्रत्येक वर्गमा समूह केन्द्रित छलफल गरि सेवा र स्थानिय निकाय प्रतिको ति वर्गको धारणा प्राप्त गरिएको थियो ।

यस क्रममा अपनाइएको प्रकृया निम्नानुसार रहेका छन ।

- पूर्व तैयारी भेटघाट समन्वय सम्पर्क, (सामाजिक परीक्षणको जानकारी सूचना ) पत्र प्रदान र सेवाप्रदायक निकाय संग छलफलको मिति निर्धारण,
- सूचना तथा जानकारी संकलन ( लक्षित समुह मार्फत ), स्थानीय FM रेडियोवाट सूचना प्रसारण गरि सामाजिक परीक्षण सम्बन्धि जानकारी प्रदान तथा सामाजिक परीक्षक द्धारा सामाजिक परीक्षणको लागि नमूना प्रदर्शन,
- व्यवस्थापन र उपभोक्ता समिति संग अन्तरकृया, बिषयकेन्द्रित छलफल, प्रत्यक्ष अवलोकन, सामुदायिक अंकपत्र द्धारा प्राप्त सूचना संकलन, विश्लेषण र प्रतिवेदन तयारीका लागि टिपोर्ट,
- सुचनाको बिश्लेषण आमभेला, आमभेलाको मिति, स्थानिय निकायवाट लिई सवै आम नागरिकहरुलाई सूचना सम्प्रेषण,

आमभेला संचालन तथा सेवाप्रदायक निकायलाई उपलब्ध स्रोत साधनको प्रयोग गर्दै परिवर्तनका लागि आवश्यक सुधारका लागि जिम्मेवारी सहित कार्ययोजना निर्माण गरिएको थियो ।

## ५. अध्ययनको सिमा

स्थानिय निकायको सामाजिक परीक्षण गर्ने क्रममा यसले निर्धारण गरेका मुख्य मुख्य क्षेत्रहरुको अध्ययन विश्लेषण गर्दा अपनाईको सिमाहरु निम्नलिखित छन् ।

## ५.१ सूचना संकलन

स्थानिय निकायको सम्पूर्ण अवस्थाको अध्ययन बिश्लेषणका लागि जि.वि.स., बिषयगत कार्यालय र गा.वि.स.का सेवाग्राही तथा समुदायवाट निम्न अनुसारको भित्ररहि सुचना तथा जानकारी संकलन गरिएको थियो । जसमा :-

- समय र श्रोतको कमीको कारण गाउँ विकास समितिमा रहेका योजनाहरुको पूर्णरुपमा तुलनात्मक विस्तृत अध्ययन हुन नसकेको,
- अध्ययन संग सम्वन्धित तथ्यांकको सम्वन्धित कार्यालयमा उपलब्धतामा कमी,

- विषयगत कार्यालयको वर्गिकृत रुपमा विस्तृत अध्ययन हुन नसकेको,
- यो अध्ययन विशेषत अर्घाखांचीका स्थानीय निकाय जि.वि.स., बिषयगत कार्यालय र गा.वि.स. संग सम्वन्धित छ ।
- व्यवस्थापन र उपभोक्ता समिति तथा कर्मचारी सँगको अन्तरक्रिया,
- कर्मचारीहरुको बानी व्यावहार र बोलीचाली, नागरिकको गुनासो सुन्ने परिपाटीको व्यवस्था र मानविय स्रोत व्यावस्थापन
- कर्मचारी, व्यवस्थापन र उपभोक्ता समिति तथा आम समुदायमा प्राप्त नतिजाहरुलाई सामूदायिक अङ्क पत्रको सहयोगले सरोकारवाला विविध सेवा लिनेहरुको सवै वीचमा सार्वजनिकीकरण गर्न आम भेलाको तयारी तथा सञ्चालन गरी विश्लेषण र प्रतिवेदन तयारी ।

## ५.२ सम्पर्क तथा समन्वय

स्थानिय निकाय वाट तयार गरिएको समय तालिका अनुरुप स्थानीय तहका सामाजिक परीक्षकहरुद्वारा सम्वन्धीत स्थानिय निकायका प्रमुख, व्यवस्थापन समितिका अध्यक्ष तथा सरोकार वाला सँग सम्पर्क र समन्वय गरि निर्धारित समय तालिका अनुरुप सामाजिक परिक्षण कार्य संचालन गरिएको थियो ।

## ६. वृहत छलफल कार्यक्रमको विवरण :-

| मिति | स्थान | समय | सहभागि सख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | |
| २०७१/०७/१३ | ठाडा गा.वि.स.को कार्यालय ठाडा | ११ वजे देखि ३ वजे सम्म | | | | |
| २०७१/०७/१४ | बल्कोट गा.वि.स.को कार्यालय बल्कोट | ११ वजे देखि ३ वजे सम्म | | | | |
| २०७१/०७/२४ | जि.वि.स.को कार्यालय सन्धिखर्क | २ वजे देखि ५ वजे सम्म | | | | |

*नोट : विस्तृत विवरण अनुसूचिमा उपस्थितिको प्रतिलिपि संलग्न गरिएको छ ।*

**क.) सहजकर्ता :-** सामाजिक परीक्षक : बाबुराम पौडेल

**ख) सामाजिक परीक्षणको विषय :-** स्थानीय निकाय सामाजिक परिक्षण

**ग ) कार्यक्रमको सक्षिप्त जानकारी :-**

- आसन ग्रहण,
- परिचय,
- आमभेलामा आचार सहिंता प्रस्तुत,
- सामाजिक परीक्षकबाट तयार गरीएको प्रतिवेदन प्रस्तुति,
- छलफल र सुझाव संकलन,
- सरोकारवाला निकायबाट प्रतिक्रिया,
- सभाध्यक्ष स्थानीय विकास अधिकारीबाट सुझाव मन्तव्य सहित कार्यक्रम समापन ।

**घ) सामाजिक परीक्षक :-** टोली प्रमुख बाबुराम पौडेल, विज्ञ लक्ष्मण भट्टराई

**ङ) सहभागिबाट आएका सवालहरु :-**

**स्थानीय निकाय र विषयगत कार्यालयहरु प्रती**

## १. समूदायबाट आएको विषय :-

**अ) गाविसहरुको कार्य प्रती :-**

**सबल पक्षहरु :-**

- गाविसहरुमा वार्ड तहबाट प्राथमिकीकरण भएर आउने योजनालाई गाविस बाट संम्वोधन गरि योजनाहरुमा बजेट विनियोजन गरिरहेको छ ।
- नागरिक सचेतना केन्द्रका सदस्यहरु बाहृय मानिस देख्दा लुक्नेहरु आफ्नो परिचय दिन तथा थोरै धेरै योजना र वजेटको जानकारी दिन सक्ने भएका छन् ।
- गाविसद्धारा भएका अनुगमन प्रक्रीया उपयूक्त नै महशुश गरिएको, हिउदमा छ महिना यातायातको सुविधा लिइएको तथा विद्यूतिकरणले विजुली बालिएको छ ।
- गाविसद्धारा गरिने सार्वजनिक परिक्षणले आमनागरिकमा योजना र वजेट प्रतिको जनचासो भई लक्षितवर्गको आवाज योजना माग गर्न आउने तथा योजना र वजेटको जानकारी लिने दरमा वृद्धी हुन थालेको छ ।
- वार्ड नागरिक मञ्च सक्षम छ, आफ्नो वार्डको योजना प्राथमिकिकरण गर्न सक्छ लक्षितवर्गले आफ्नो अधिकार खोज्ने क्रममा एकजुट हुन थालेकाले गाविसका सरोकारवालाहरु तुलनात्मक रुपमा जवाफदेही भएको पाइयो ।
- जिल्ला विकास समितिले गर्ने गरेको सार्वजनिक परिक्षण प्रति आम जनताको सकारात्मक धारणा, यस्तो कार्यले गाविसमा कार्यक्रमको रकम खोजतलाश गर्ने बानीको समुदायमा थालनी तसर्थ यस प्रति समुदायको निरन्तरताको माग ।

**सुधार गर्नु पर्ने पक्षहरु :-**

- गाविसहरुमा योजना तर्जुमा प्रक्रियामा तथा आवश्यकता पहिचान गर्दा लक्षितवर्गको सहभागिता प्रतिनिधीमूलक मात्र रहेको र लक्षित वर्गलाई विशेष प्राथमिकता दिएर बजेट विनियोजन भन्दा पनि निर्देशिकाले तोकेकोले बाध्यात्मक अवस्थामा मात्र विनियोजन भएको उक्त बजेट कार्यान्वयनको स्थिती पनि सिमित व्याक्तीको पहुंचमा मात्र रहेको छ ।
- गाविस तहमा शिक्षा, स्वास्थ्य, कृषि लगायतका क्षेत्रको विकासको लागि ठोस नीति, रणनीति, उदेश्य र प्राथमिकता तोकी सोही बमोजिम अगाडि बढ्न नसकेको,
- योजना तर्जूमा प्रक्रियालाई विषयगत कार्यालयबाट पूर्णरुपमा पालन नगरेको तथा वार्डबाट आउने योजनालाई गाविस बाट न्युन रुपमा स्विकृत गरिएको, यसले वार्ड तह बाट प्राथमिकीकरण गरेका योजना अन्योलमा रहेको पाइयो ।
- गांउ विकास समितीको बार्षिक योजना तर्जूमा प्रक्रिया पूर्णरुपमा पालना नभएको, वार्ड तहमा पनि गाविस सर्वदलिय संयन्त्रको नै बोलवाला हुने गरेकोले गर्दा गाविसमा महिला, एकल महिला, दलित, जनजाती, युवा, कृषी, खेलकुद, अपांग सम्बन्धि कार्यक्रमहरु प्राथमिकतामा परेको देखिदैनन् ।
- योजनाको विषयमा गाविसहरुका आम उपभोक्तामा जानकारीको अभाव रहेको उपभोक्ता समिति गठन गर्दा आवश्यक मात्रामा आम जनताको सक्रिय उपस्थिति हुने गरेको अभिलेखमा पाइएन ।

केहि गाविसमा उपभोक्ता समितिका सदस्य पदमा रहेका व्याक्तीहरुलाई आफू उपभोक्ता समितिमा रहेको समेत जानकारी छैन ।

- गाविसहरुले योजनाहरुको सार्वजनिक परिक्षण गर्ने भनिएता पनि आम जनतामा यसको जानकारी न्यून रहेको, योजना कार्यान्वयनमा सम्बन्धित पक्ष (समुदायका जनता) को सामाजिक जिम्मेवारी कम भएको, गाविसको कामले जनताको जीवनस्तरमा खासै परिवर्तन ल्याएको पाईएन ।
- गाविसहरुमा सचिवहरुको उपस्थिति न्यून छ, अत्यावश्यक कार्य तथा समस्या आउदा समस्या समाधानमा समय धेरै लाग्दछ
- गाविसले विगतबाट सिकेका पाठहरुको समिक्षा मार्फत आएका विषयहरुको अभिलेखिकरण गर्ने नगरेको, सबै प्रकारका श्रोतको अनुमान गरी प्रात्त हुन सक्ने आयको अनुमान गरेको नपाईनुकासाथै मासिक आय साकलन र खर्चको विवरण सार्वजनिक गरेको आम जनतामा पुग्न सकेको छैन ।
- योजनाको अध्ययन नगरी सिधै केन्द्रबाट विभिन्न गाविसका योजनामा बजेट आएकोले योजना पारदर्शी हुन सकेन,
- गाविसमा बाट परिचालन हुने कार्यक्रमप्रती जनचासो कम छ, जनताले कार्यक्रम र वजेटप्रती खोज तलास गर्ने बानी कम छ,
- सामाजिक सम्पती संरक्षणप्रती जनचासो भएको पाइदैन, यस तर्फ स्थानिय निकायले आबस्यक कार्यक्रम अवलम्वन गर्नु पर्दछ, टोल तथा वस्ती सुधार समिति निर्माण गरिएमा जनताहरुले सामाजिक सम्पती सुरक्षा गर्ने देखिन्छ,
- गाविसको परिषद् तथा वार्षिक समिक्षा गोष्ठीमा लक्षितवर्गको सहभागिता किन कम भइरहेको छ,
- गाविसले गर्ने अनुगमन प्रक्रिया अनुगमन भएका स्थानमा उपयूक्त भएता पनि धेरै योजनाहरुको अनुगमन भएको जस्तो समुदायका वासिन्दालाइ लाग्दैन, थप अनुदान आ.व.को अन्तमा आएकोले प्रभावकारी कार्यान्वयन भएको छैन ।
- समुदायले लक्षित केन्द्रत कार्यक्रमको लागी स्पष्ट योजना नै निर्माण गर्न सकेको छैन, योजना तर्जुमा प्रक्रियामा लक्षितवर्गको सहभागिता यथोचित हुन सकिरहेको छैन यसलाई व्यवस्थित गर्न संयन्त्र हुनुपर्‍यो । गाविसले आवधिक योजना निर्माण गरी योजना कार्यन्वयन गराउदा उपयुक्त हुने देखिन्छ ।
- उल्लेखित कुराहरुमा सुधार गर्नु पर्ने देखिन्छ ।

**आ) स्वास्थ्य संस्था प्रती :-**

**सबल पक्षहरु :-**

- जिल्लाका सबै बालबलिकाहरुले नियमित खोप पाईराखेका छन् । फलस्वरुप जिल्लालाई पूर्ण खोपयुक्त जिल्ला घोषणाको लागि तयारी भईरहेको छ ।
- प्रोत्साहन स्वरुप उपलब्ध गराईएको थप एक सेट न्यानो बच्चा कपडाले अघिल्लो बर्षको तुलनामा गर्भवती परीक्षण र स्वास्थ्य संस्थामा दक्ष प्रसुतीकर्मीवाट प्रसुती गराउनेको सख्या बढेको छ ।
- स्वास्थ्य चौकी उप स्वास्थ्य चौकीमा प्राथमिक सेवा प्रात्त भएकै छ,
- Antibiotic औषधी बाहेक अन्य औषधी स्वास्थ्य चौकीबाट प्राप्त गर्न सक्षम भइएको छ,
- गाउ घर क्लिनिक संचालनको समयमा उपयुत्त सेवा प्रात्त हुन्छ, खोपकेन्द्रमा खोप लगाउने दिनमा पनि उपयुत्त नै सेवा प्रात्त हुन्छ ।
- स्थानिय तहमा रहने महिला स्वयं सेविकाद्धारा उपयुत्त नै सेवा प्रात्त भएको छ,

**सुधार गर्नु पर्ने पक्षहरु :-**

- स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकीमा कर्मचारीहरु स्वास्थ्य विभागको परिपत्र अनुसार अफिस समय पुरा स्वास्थ्य संस्थामा नै बस्नुपर्ने देखिन्छ ।

- सुरक्षित मातृत्व सेवा आम जनताको पहुँचमा पूर्ण सुनिश्चित गराउनु पर्ने भएकाले बर्थिङ्ग सेन्टर थप गर्नु पर्ने देखिन्छ ।
- स्वास्थ्य चौकी द्वारा प्रदान गरिने सेवाको आम नागरिकलाई जानकारी राम्रो संग नभएकोले गाउघर क्लिनिकको सेवा सवै समुदायको पहुंचमा पुर्याउनु पर्ने देखिन्छ ।
- स्वास्थ्य चौकीमा सिटामोल मात्र उपलब्ध हुन्छ , अन्य औषधिको विषयमा सोध्दा अझै आएको छैन भन्ने जवाफ आउछ, Antibiotic औषधी त सधै नै किन्नू पर्दछ,
- निशुल्क औषधि वितरण के के हुन्छन आम जनतामा जानकारी न्युन छ, स्वास्थ्य संस्थामा अंग्रजीमा सो को विवरण हुन्छ, धेरैले त्यो थाहा पाउदैनन्, थाहा पाएकाले बताउदैनन्, निशुल्क औषधि मागअनुसार वितरण न्यून छ,
- स्वास्थ्य चौकीबाट उत्पन्न फोहोरको उपयुक्त व्यावस्थापन गरेको पाइदैन, स्वच्छ, स्वस्थ्य र सरसफाइ सिकाउने स्थल नै अव्यवस्थित भएमा समुदायले के अनुशरण गर्ने,
- स्वास्थ्य चौकीमा अंग्रेजी नजानेका कार्यालय सहायकले पनि औषधी दिने गर्दछन्, यसले गर्दा बिरामीको ज्यान जोखीममा पर्दैन र ?
- धेरै जसो स्वास्थ्य संस्थामा गुनासो पेटिका र सोधपुछ कक्षको व्यवस्था भएको पाइएन ।
- महिला स्वयासेविका बजारमा बस्ने गाउमा सेवा कसरी आशा राख्न सकिन्छ ?
- आर्थिक पक्षको सार्वजनिकिकरण भएको पाइदैन केहि व्यावस्थापन समितिका सदस्यहरुलाई नै स्वास्थ्य संस्थाको आयव्ययको जानकारी छैन उपरोत्त पक्षहरुमा सुधार गर्नु पर्ने देखिन्छ ।

**इ) शिक्षा, शिक्षण संस्था प्रती :-**

**सबल पक्षहरु :-**

- शैक्षिक सुधारका लागि विद्यालय तहवाट सुरु गरिएको अगुवा विद्यालयलाई निरीक्षण र अनुगमनको अधिकार प्रत्यायोजन गरिएको ।
- सामूदायिक विद्यालयमा अग्रेंजी माध्यममा पढाइ शुरु हुनु आफैमा गौरवान्वीत रहेको छ, यसैले सामूदायिक विद्यालय प्रती जिशिकाको बड्दो अनुगमन प्रभावकारी रहेको छ ।
- सामूदायिक विद्यालयमा हुने शिक्षक नियुक्ती प्रक्रीया र शिक्षकहरुको घरदैलो कार्यक्रमले विद्यार्थी संख्याको वृद्धी ल्याएको छ, तुलनात्मक सुधारले शिक्षाको गुणस्तरमा सुधार हुने आशा पलाएको छ ।
- एसएलसी परीक्षाको मर्यादाले विद्यालय तहका सबै परीक्षा मर्यादीत हुन थालेको अनुभुती गर्न सकिन्छ ।

**सुधार गर्नु पर्ने पक्षहरु :-**

- विद्यालय मर्मत र विद्यालयको शौचालय निर्माणमा पारदर्शि गराई मर्मत र निर्माणको वजेट सार्वजनिक गर्नु पर्ने देखिन्छ ।
- सामूदायिक विद्यालयमा आफ्नो बच्चा अध्ययन नगर्ने भए पनि राजनैतिक भागवण्डामा विद्यालयको व्यावस्थापन समितिको पदाधिकारीमा बस्ने होडबाजीका कारण जसका कारण सामूदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दो, गुणस्तर खस्कदो र शैक्षिक उपलब्धि बृद्धिमा कमी आएको छ ।
- सामूदायिक विद्यालयमा जागीर, बोडीङ्ग स्कूलमा आफ्ना छोरा छोरी पढाउने अनि विद्यालयमा के पढाइ होला, के गुणस्तर ?
- शिक्षकहरुको दरबन्दी मिलानमा विद्यालयको विद्यार्थी संख्यालाइ आधार नबनाउदा कतै शिक्षकको कमी त कतै विद्यार्थी र शिक्षक समान हुनुले शिक्षाको गुणस्तरमा कति विश्वास गर्ने ?

- विद्यालयमा सहयोगी कर्मचारी नियुक्तीको क्रममा राजनैतिक हस्तक्षेपले गर्दा विद्यालयको सरसफाइ नाजुक,
- दरबन्दी मिलानको क्रममा राजनितिक पहुँचलाइ आधार बनाउदा सम्बन्धित विद्यालयका प्रध्यानाध्यापकलाइ शिक्षकलाइ काममा खटाउन समस्या उत्पन्न,
- सामूदायिक विद्यालयमा व्यावस्थापन समितिका पदाधिकारी लाइ नै विद्यालयको आयव्ययको जानकारी छैन के विद्यालयमा पनि लेखा परिक्षण हुन्छ र ?
- भौगोलिक विकटताले एउटै वार्डमा विद्यालयम भएता पनि प्रा.वि.मा अध्ययन गर्न जान एक तर्फी पैदल १ घण्टा भन्दा बढि समय लाग्ने, एउटै गाविसमा माध्यमिक तह विद्यालयमा अध्ययन गर्न जान एक तर्फी पनि ३ घण्टा जति समय लाग्ने,
- स्रोत व्याक्तीहरु सम्बन्धित क्षेत्रका विद्यालयहरुमा एक महिनामा एक पटक पनि पुग्ने गरेको तथ्य वि.व्य.स.लाइ छैन ।
- उपरोत्त पक्षहरुमा सुधार गर्नु पर्ने देखिन्छ ।

**ई) कृषि / पशु कार्यालय प्रती :-**

**सबल पक्षहरु :-**

- कृषि सेवा कार्यालयमा क्षतिपूर्ति सहितको नागरिक वडापत्र राखिएको कार्यालयमा जादा आवश्यक राय सुझाव प्रात्त भएको छ ।
- पशु सेवा कार्यालयमा सरसफाई र वातावरणीय प्रभाव राम्रो सेवाग्राहिलाई बगैचाको विचमा वस्ने राम्रो प्रतिक्षलय बनाईएको छ ।
- कृषि सेवा कार्यालय / पशु सेवा कार्यालयमा थारै मात्रामा भए पनि सिमीत वर्गलाइ आवश्यक सेवा दिएकै छ ।

**सुधार गर्नु पर्ने पक्षहरु :-**

- गरीव तथा सिमान्तकृत वर्ग र समुदायको आम्दनी बृद्धि हुने खालका आय आर्जन तथा सशक्तिकरण गरि क्षमता विकास गर्ने कार्यक्रमहरुलाई जोड दिई गरीवि निवारणमा योगदान पुऱ्याउनु पर्ने देखिन्छ ।
- कृषि सेवा कार्यालय / पशु सेवा कार्यालयले कहां कहां सेवा दिएको छ योजनाहरु कहां कहां छन आम नागरिकलाई थाहै छैन सेवा र योजना सार्वजनिक हनुका साथै प्रभावकारी अनुगमन गर्नु पर्ने देखिन्छ ।
- विउको गुणस्तरीयतालाइ मध्य नजर राखी बजारमा समेत कार्यालयले अनुगमन गर्नुपर्ने तर यस्तो कार्य हाल सम्म भएको देखिएको छैन ।
- कृषि सेवा कार्यालय / पशु सेवा कार्यालय अर्न्तरगत सेवा केन्द्र उपसेवा केन्द्रका कर्मचारीहरु नियमित रुपमा अफिस समय पुरा सेवा कार्यालयमा नै बस्नुपर्ने देखिन्छ ।
- उपरोत्त पक्षहरुमा सुधार गर्नु पर्ने देखिन्छ ।

**उ) अन्य विषयगत कार्यालयहरु प्रती :-**

**सबल पक्षहरु :-**

- महिला तथा बालवालिका कार्यालयले स्थानीय महिला समुह, आमा समुह, वाल क्लव र सरोकारवालाहरु सँग कुनै न कुनै रुपमा समन्वय गरी कार्य गरेको देखिन्छ ।

**सुधार गर्नु पर्ने पक्षहरु :-**

- कार्यक्रमहरुलाई एकद्धार प्रणाली मार्फत साचालन गरि कार्यमा हुन सक्ने दोहोरोपन लाइ न्यूनिकरण गरिनु पर्ने भएकाले योजनातर्जुमा गर्दा सम्बन्धित निकाय क्रियाशिल हुनुपर्दछ ।
- सबै कार्यालयहरुले पारदर्शिता र जवाफदेहितामा जोड दिनु पर्ने हुन्छ ।

ऊ) **गैसस प्रती :-**

**सबल पक्षहरु :-**

- गैससहरुले समुदायलाई समुह परिचालन मार्फत सर्म्पूण कार्य गर्न तर्फ अग्रसर गराई आम जनसमुदायका लक्षितवर्गलाइ आ आफ्नो अधिकार प्रती सजग गराएका छन ।
- अधिकांश गैससहरुले स्थानीय निकाय सँग कुनै न कुनै रुपमा समन्वय गरी कार्य गरी सुविधा बाट वन्चित वर्गलाइ थोरै मात्रामा भए पनि आय आर्जन कार्यक्रम सञ्चालन गरेको छ,
- समुदायलाइ बचत संकलन गर्ने प्रक्रीयामा सहजीकरण गरेको छ ।
- स्थानीय स्तरका विभिन्न भौतिक पूर्वाधार तथा सामुदायिक विकास निर्माणका कार्यहरुवाट आम समुदायमा केहिमात्रामा टेवा पुगेको छ ।

**सुधार गर्नु पर्ने पक्षहरु :-**

- गैससबाट राम्रै काम गर्ने अभिप्रायबाट केही कार्य गर्न खोज्दा पनि राजनीतिक दल लगायतका कतिपय सरोकारवाला निकायबाट समेत कति डलर आएको छ त्यसैलाई सक्न आएका भनि पहिले नै मनस्थिति तयार गर्ने र सोही अनुसार प्रश्नहरु राख्ने प्रचलन रहेको छ यस प्रकारका भनाइलाइ परितवर्तन गैससहरुले पारदर्शिता र जवाफदेहितामा जोड दिनु पर्ने हुन्छ ।
- गैससको कार्यक्रम निरन्तर नहुने कुनै दातृ संस्थामा प्रस्ताव पेश गर्दा स्वीकृत भएर आएमा कार्यक्रम संचालन गर्न सकिने हुँदा आगामी आ.व.को लागि प्रस्तावित योजना भन्नको लागि असजिलो हुने भएकोले स्थानिय समुदायलाइ नै क्रियाशिल गराइ कार्यक्रम दातृ निकाय संगको सम्झौता समाप्त पश्चात पनि कार्यक्रम प्रती आम समुदायको अपनत्वको भावना जगाउन तर्फ क्रियाशिल हुनु पर्दछ ।
- गैससहरुको कार्य पारदर्शी हुदैनन् भन्ने मान्यतामा परिवर्तन गर्न तर्फ सम्वन्धित निकाय सजग हुनु पर्दछ ।
- गैससहरुको कार्य प्रति आमसमुदायहरुको मान्यता करोड लिएर लाख मात्र खर्च गर्ने रहेकाले यसलाइ परिवर्तन गर्न सम्बन्धित निकाय क्रियाशिल हुनुपर्दछ ।
- गैससहरुको कार्य आफ्नो कार्यक्रममा आफ्ना कार्यकर्तालाइ (राजनैतिक) मात्र लाभान्वित गर्ने रहेको मान्यता आमसमुदायमा रहेकाले यसलाइ परिवर्तन गर्न सम्बन्धित निकाय क्रियाशिल हुनुपर्दछ ।
- गैससहरुको कार्यलाइ एकद्धार प्रणाली मार्फत साचालन गरि कार्यमा हुन सक्ने दोहोरोपन लाइ न्यूनिकरण गरिनु पर्ने भएकाले यसलाइ परिवर्तन गर्न सम्बन्धित निकाय क्रियाशिल हुनुपर्दछ,
- गैससहरुले आमजनसमुदायका लक्षितवर्गलाइ आ आफ्नो अधिकार प्रती सजग गराउदा उक्त वर्गको दायित्व र कर्तव्य प्रती पनि सजग गराउनु पर्ने देखिन्छ ।

## २. गैससको तर्फबाट आएका प्रतिक्रियाहरु :-

- गैससबाट राम्रै काम गर्ने अभिप्रायले कार्यक्रम कार्यान्वयन गर्न खोज्दा कतिपय सरोकारवाला निकायबाट कति डलर आएको छ त्यसैलाई सक्न आएका भनि पहिले नै मनस्थिति तयार गर्ने र

सोही अनुसार प्रश्नहरु राख्ने प्रचलन रहेको छ यस्ता प्रति प्रश्नलाइ समाधान गर्न सवै गैससहरुले पारदर्शिता र जवाफदेहितामा जोड दिनु पर्ने हुन्छ,

- गैससहरुले कार्यक्रम कार्यान्वयनमा आफ्ना कार्यकर्तालाइ (राजनैतिक) मात्र लाभान्वित गर्ने रहेको मान्यता आमसमुदायमा रहेकाले यसलाइ परिवर्तन गर्न सवै गैससहरु प्रतिवद्ध हुनुपर्दछ,
- स्थानिय निकायले स्थानिय तहमा रहेका गैससहरु संग समन्वय गर्दै कार्यक्रम संचालन गरेमा उपयुक्त हुने,
- गैससहरुको कार्यक्रमलाई सरोकारवाला विषयगत कार्यालयहरुले मध्यनजर गरेमा कार्यक्रम कार्यान्वयनमा सहजता तथा फलदायी हुने देखिन्छ ।

## ३. बिषयगत कार्यालयहरुबाट आएका प्रतिक्रियाहरु :-

- कृषि सेवा कार्यालय / पशु सेवा कार्यालय अर्न्तरगत सेवा केन्द्र उपसेवा केन्द्रका कर्मचारीहरु नियमित रुपमा अफिस समय कार्यालयमा नै बस्नुपर्ने नभई फिल्डमा गई समुदायमा सेवा दिनुपर्ने भएकाले सोवाकेन्द्रहरुमा कर्मचारी दैनिक पुरा समय नभएको हुनसक्ने ।
- जिल्ला कृषि कार्यालयले सम्बन्धित सरोकारवालाहरुलाइ सेवा प्रदान गरेको भएतापनि छलफलमा ती सेवाग्राही नभएकोले यस कार्यालयप्रति सकारात्मक सन्देश प्रवाह गर्न सकेनन् आगामी दिनमा आमसंचारको सदुपयोग गरी कार्यक्रम संचालन गरिनेछ ।
- जिल्ला शिक्षा कार्यालयले अनुगमन र सुपरीवेक्षणलाई चुस्त बनाउदै भौतिक संरचना निर्माण र मर्मतमा लागत स्टीमेट अनुसार कार्यसम्पन्न गराईएको कुनैमा संरचना डुब्लीकेशन भएको भए त्तकाल अनुगमन गरि निर्माणमा पारदर्शि गराई मर्मत र निर्माणको वजेट सार्वजनिक गराई विद्यालयमा हुनसक्ने सबैखालका विभेदिकरणको अन्त्य गर्ने तथा शिक्षक नियुक्ति, दरबन्दि मिलान प्रकृयालाइ विषयगत रुपमा आगामी दिनहरुमा लगिनेछ,
- जिल्ला स्वास्थ्य कार्यालयले स्थानीय स्वास्थ्य संस्थाहरुको सामापजक परीक्षण कार्यक्रम गत वर्ष देखि सुरुगरेकाले सामाजिक परीक्षण गरेका स्वास्थ्य संस्थाहरुमा क्रमश सुधार भईरहेको छ ।
- आम समुदायको मागलाई सम्बोधन गर्दै गा.वि.स. तहमा बर्थिङ्ग सेण्टरको स्थापना र विस्तार गरिादै आएको छ ।
- महिला तथा वालबालिका कार्यालय वाट वितरण गरिएको अपाङ्ग परिचय पत्र निर्देशिका अनुसार नै वितरण गरिएको छ । अधिल्ला आ.व.हरुमा वितरण गरिएको अपाङ्ग परिचय पत्र केहि व्यबहारिकता वा वितरणमा खुकुलो पारिएकाले अहिले समस्या आएको छ ।

## ४. स्थानीय निकाय गाविसको कार्यालयहरुबाट आएका प्रतिक्रियाहरु :-

- स्थानीय निकायको निर्वाचन छिटो भन्दा छिटो गराई जनप्रतिनिधि द्धारा नै स्थानीय निकाय सन्चालन हुनु पर्ने ।
- गा.वि.स. सचिव स्थानीय तहमा धेरै समितिमा रही कार्य गर्नुपर्ने भएकोले सबै योजनाहरुको स्थलगत अध्ययन अनुगमन गर्न कठीनाइ भएको छ ।
- गा.वि.स. अनुदान कार्यविधिले तोके अनुसार बजेट विनियोजन गरिएतापनि कार्यान्वयन प्रकृयामा उपभोक्ता समिति जवाफदेही नबन्दा कार्य सम्पादन गर्न समस्या उत्पन्न अुने गरेको छ ।
- बजेट विनियोजन गर्ने समयमा सबै पक्षबाट माग भएता पनि सम्बन्धित पक्षको कार्यावयन प्रकृयामा ढिलासुस्ती रहेको छ ।

## ५. राजनीतिक दलका प्रतिनिधिबाट आएका प्रतिक्रियाहरु :-

- स्थानिय निकायको चुनाव नयां जन्मिएका बालबालिकाहरु बालिग मताधिकार हुदा पनि नभएकोले स्थानिय तहका कार्यहरुमा पारदर्शिता र समन्वयको अभावलाइ स्विकार गर्नै पर्दछ,
- ग्रामिण क्षेत्रको शिक्षाको स्तरलाइ समय अनुसार सक्षम बनाउन स्थानिय विकास अधिकारी जिल्ला शिक्षा समितीको अध्यक्षको हैसियतले क्रियाशिल हुनै पर्दछ ।
- राष्ट्र र राष्ट्रीयतालाइ ध्यानमा राखी नेपाली जनताको धर्म सस्कृती संरक्षण गर्दै गैर सरकारी संघ सस्थाहरुले कार्य गर्नुको साथै स्थानिय निकायसंग सहकार्य गर्दै पारदर्शिता र जवाफदेहितालाइ कायम गर्नु पर्दछ ।
- विषयवस्तु गहन छन् सम्वन्धित विषयगत निकायले कार्यान्वयनमा जोड दिनु पर्दछ । यसैमा पनि राम्रो काम गरेका र नगरेका व्यक्ति, राजनितिक दल र कार्यालय तथा संस्थाहरुलाई एकै किसिमले तुलना गरिएकोले यसमा हामिलाई दुविधा भएको छ ।
- कुनै पनि कार्यलाइ कार्यान्वयन प्रक्रियामा लैजादा स्वाभाविक रुपमा जिल्ला तहका सवै विषयगत कार्यालय र राजनैतिक दल प्रती कमेण्ट आउनु स्वाभाविक नै हो । राजनितीक दल संग धेरै विषयहरु जोडिएर आएका छन् यसमा नेता र कार्यकर्ता बीचमा समन्वयको अभाव रहेको स्विकार गर्नै पर्दछ ।
- गाविसमा कसरी कुन निकायले योजना कार्यान्वयन गर्दै आएको छ योजना प्राथमिकीकरणको आधारमा कसरी बढी भन्दा बढी कार्यान्वयन गर्न सकिन्छ यस प्रती सवै राजनैतिकदल सजग हुनु पर्दछ,
- यो अध्ययन प्रतिवेदनले दिएको मार्गदर्शन तथा सुझावहरु कार्यान्वयन गर्न तर्फ हामी सवै सजग भएमा आगामी दिनहरुमा यहां उल्लेख गरिएका कमीकमजोरीहरु दोहोरिने थिएन ।
- विषयगत कार्यालयप्रती अध्ययन परिक्षण गरिएका आमसमुदायको प्रतिक्रिया प्राय सामाजिक जवाफदेहिता सम्बन्धि रहेकोले यस प्रती राजनैतिकदलहरु यो प्रतिक्रिया आउनुको कारणको सर्न्दभमा सजग रही विषयगत कार्यालयको कार्यप्रती सजग रही सुशाशनलाइ स्थानिय स्तरमा लैजान पहल गर्न तर्फ अग्रसर हुनुपर्दछ,
- वार्ड नागरिक मञ्चको गठन नै राजनैतिक हस्तक्षेपमा भएकोले यसलाइ समय अनुसार आवधिक गर्दै लैजानु पर्नेमा दलहरु सजग हुनै पर्दछ,
- सवै राजनैतिक पार्टीले आ-आफ्ना दलमा तथा गाउ गाउमा रहेका कार्यकर्तालाइ योजना कार्यान्वयन तथा पारदर्शिता कायम गर्न गराउनकोलागी क्रियाशिल हनेछौ,
- राजनैतिकदलहरु गाउ गाउमा रहेका सवै जनताहरुको मागलाइ सम्बोधन गर्न तथा जनगुनासाहरु मेट्न प्रतिवद्ध रहनेछौ ।

## ६. गोष्ठीका अध्यक्ष एवं स्थानीय विकास अधिकारीको प्रतिक्रिया :-

- विषयवस्तु गहन छन् सम्वन्धित विषयगत निकायले कार्यान्वयनमा जोड दिनु पर्दछ यसैमा पनि थप अध्ययनको जरुरी देखिन्छ ।
- जनप्रतिनिधिहरु हुदा जस्तो योजना तर्जुमामा व्यापक उपस्तिति हुन नसक्नु र जनप्रतिनिधी नहुनु देशैभरको समस्या भएकोले यस तर्फ आवाज आउनु स्वाभाविक नै हो तथा यो समस्या समाधान भएमा कार्य पद्धतीमा सुधार आउने थियो ।
- गा.वि.स.हरुमा एक जनाले योजना प्राथमिकीकरण गर्ने, छनौट गर्ने, कार्यान्वयन गर्ने, सुशाशन र जवाफदेहिताको क्षेत्रमा पनि कार्य गर्दै विभिन्न निकायहरु संग समन्वय र सहकार्य गर्नु पर्ने बाध्यत्मक अवस्था रहेकोले कुनै पनि कार्यलाई जनचाहना अनुरुप संचालनमा ल्याउन स्वाभाविक रुपमा समस्या आएको छ ।

- नितिगत, कानूनी र अन्य सुझावलाई समेटि योजना तर्जुमा देखि योजना प्रभाव मुल्यांकनसम्म अध्ययन गरिएको भए राम्रो हुने थियो ।
- दल र नागरीक मन्चलाई अलग्याउन सकिदैन । सबै राजनीतिक दल, संघसंस्था तथा सरोकारवालाहरु सबै सहकार्य र एकतामा कार्यक्रम कार्यान्वयन गरेमा सामाजिक सुशासन प्राप्त गर्न सकिन्छ,
- गा.वि.स. सचिवहरु सदरमुकाम केन्द्रित भएकै छन् एक जना सचिवले २/३ वटा गा.वि.स.हरु हेर्नु पर्ने भएकाले बाध्यता सृजना भएको हो । अनुगमनको पाटो प्रभावकारी नभएको भन्ने सवाल स्वभाविक हो ।
- Social Audit लाई निरन्तरता दिईने छ । RAIDP को बारेमा थप अध्ययन र मूल्याङ्कन गरिने छ ।
- स्थानियस्तरमा सवैले गाविस अनुदान कार्यविधीमा उल्लेख भएका सूचीहरुको उपयुक्त अध्ययन गरेमा वजेट कार्यान्वयनमा सहज वातावरण आउने भएकोले यो गहन रुपमा अध्ययन गर्न आग्रह व्याक्त ।

**च) सामाजिक परीक्षणको क्रममा आएका मुख्य सुझावहरु :-**

- यो क्रममा सबै तह, जात जाति, वर्ग क्षेत्र, लिंगका समुदायलाइ समेट्नुपर्ने,
- सामाजिक परीक्षण हुनु अघि, सरकारी क्षेत्रको रकम कुन क्षेत्रमा र कसरी खर्च भइरहेको छ भन्ने बारेमा सबै सरोकारवालालाइ पुर्व जानकारी हुनुपर्ने,
- सबै विषयगत कार्यालयहरुको अध्ययन नगरी कुनै निर्धारित क्षेत्रमा मात्र परीक्षण गरिनुपर्ने,
- स्थानीय निकायका सबै योजनाहरु लगायत केन्द्र वा जिल्लाबाट संचालित सबै योजनाहरुको आम समुदायको पहुाचमा छलफल संचालन गरिनुपर्ने,
- प्राविधिक पक्षको परीक्षण गर्दा विज्ञहरु सोही अनुसार नियुक्त हुनुपर्ने ।

**छ) सामाजिक परीक्षण गर्दाका समस्याहरु :-**

- सबै विषयगत कार्यालयहरुको एकै पटक अध्ययन परीक्षण गर्न कठीनाइ,
- सिमीत स्रोत र साधनले अध्ययन परीक्षणमा समस्या,
- स्थानीय तहका सबै आम समुदाय सँग छलफल प्रकृया पुऱ्याउन नसकिएको,
- स्थानीय निकायमा आवश्यक तथ्यांक व्यवस्थित नगरिएकोले तथ्यांक प्राप्तिमा समस्या उत्पन्न ।

**ज) मुख्य सिकाईहरु :-**

- आम समुदायको धारणा प्राप्त गर्न स्थानीय जनताहरुको पहुँच भएको स्थानमै छलफल कार्यक्रम संचालन गर्नुपर्ने,
- स्थानीय तहमा उपलब्ध अभिलेखहरुको पुर्ण अध्ययन पश्चात छलफल कार्यक्रमलाइ संचालन गर्नुपर्ने,
- सरोकारवालाहरु सँगको छलफल फलदायी बनाउन स्थानीय संचारको माध्यमलाइ उपयोग गर्नुपर्ने,

## ७. स्थानीय निकाय, विषयगत कार्यालय तथा गैरसरकारी संस्थाको विवरण : ( अनुसूचि २, ३)

### अनुसूचि २

**सामाजिक परीक्षकको प्रतिवेदन**

**स्थानिय निकायको नाम : जिल्ला विकास समितिको कार्यालय, अर्घाखाँची**

**मिती :**२०७०/०७/२४

### १. स्थानिय निकायको परिचय

- अर्घाखाँची पशिमान्चल विकस क्षेत्रको लुम्बिनी अन्चलमा पर्ने मध्य पहाडि जिल्ला हो । यसको कुल क्षेत्रफल ११९३ वर्ग कि.मि. र उचाई समुन्द्र सतह देखि ३०५ बाट २५१५ मिटर सम्म रहेको छ । २०६८ को जनगणना अनुसार यहाको कुल जनसख्या १९७६३२ र घरधुरी ४६८३५ रहेका छन् । प्रशासनिक एवं राजनैतिक विभाजनमा २ निर्वाचन क्षेत्र, ११ वटा ईलाका, १ नगरपालिका र ३५ वटा गा.वि.स.हरुरहेका छन् । यहाको खेतियोग्य जमिन ४६७३२ हेक्टर रहेको छ ।
- यस जिल्लामा यातायातका लागि सडक सन्जाल सबै गा.वि.स.हरुमा पुगेको छ ।

### २.स्थानिय निकायको प्राथमिकता तथा लक्ष्यहरु

- कृषि खेति तथा पशु पालन व्यवसायको व्यवसायिकरण र स्वरोजगार मुलक कार्यक्रम,
- विकासका भौतिक पूर्वाधारहरुको स्तरोन्ती,
- गुणस्तरिय शिक्षा, स्वास्थ्य, सरसफाई साथै
- पर्यटन, उद्योग तथा बैकल्पिक उर्जा र सुचना तथा संचार ।

### ३. गत वर्षका मुख्य उपलब्धिहरु

- ………………………………………………………………………

### ४. यस वर्षका मुख्य उपलब्धिहरु

- ………………………………………………………………………

### ४.सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| **स्वास्थ्य** | | | |
| स्वास्थ्य चौकी १ घण्टा भित्र पैदल वा यातायात पहुच भएको घरधुरी संख्या | | गाउँघर क्लिनिक वाट सुविधा पुऱ्याएको | |
| ५ वर्ष मुनीका बालबालिकाको प्रतिशत ( सख्यामा २०६६२ ले ) | १०.६१ प्रतिशत | | |
| खोपमा पहुच भएको जनसंख्या ( एक वर्ष मुनीका बालबालिकाको आधारमा) | ९९प्रतिशत | १०० प्रतिशत पुऱ्याई पूर्ण खोपयुक्त जिल्ला घोषण गर्ने | केहि गा.वि.स.हरु पूर्ण खोपयुक्त घोषण भईसकेको |
| ४ पटक गर्भवती जााच गरिएको महिलाको संख्या (प्रतिशत) ( आशा गरिएकोमा ५१६३ ले ) | ६२.९० प्रतिशत | ९० प्रतिशत पुऱ्याउने ANC चेकअफको लागि प्रोत्साहन | ANC चेकअफ सख्या बढेको छ । |

| | | | |
|---|---|---|---|
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको सख्या | १६२४ | बर्थिङ्ग सेन्टर थप गरिएको, प्रोत्साहन स्वरुप थप सुविधा उपलब्ध | अघिल्लो बर्षको तुलनामा बढेको छ । |
| झाडा पखालाबाट मृत्यू हुने बालबालिकाको संख्या | ०० | ०० मा नै राख्ने | बालबालिकाहरु स्वास्थ्य रहेका छन । |
| सव हेल्थपोष्ट वा हेल्थ पोष्टबाट सेवा लिने घरधुरी संख्या (व्यक्ति) | १५३२०९ जना | | |
| **शिक्षा** | | | |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने बालबालिकाको संख्या | १०० प्रतिशत | १०० प्रतिशत कायम राख्ने | खुद भर्ना दरमा वृद्धी भएको छ । |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | ७५ प्रतिशत | घरदैलो कार्यक्रम गरी भर्ना दरमा वृद्धी गर्ने | |
| प्राथमिक विद्यालयमा पहुच नभएका सो उमेर समुहका बालबालिका संख्या/प्रतिशत | १०० प्रतिशत | | १०० प्रतिशत कायम राख्ने |
| कक्षा १ मा खुद भर्नादर छात्र/छात्रा | ९६ प्रतिशत ५०/५०प्रतिशत छात्र/छात्रा | पहुच हुदाहुदै Hard core group का बच्चाहरु केहि विधालय बाहिर छन् । ४ प्रतिशत | |
| प्राथमिक तहमा कक्षा छोड्ने कक्षा दोहोऱ्याउने र कक्षा उत्तिर्ण हुने दर | कक्षा छोड्ने २.५, कक्षा दोहोऱ्याउने १२.२ उत्तिर्ण हुने ८५.३ प्रतिशत | यो दर घटाउन कमजोर विद्यार्थी पहिचान गरी सुधार गर्ने कार्य भएको | |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | १०० प्रतिशत | | शतप्रतिशत पुऱ्याउने |
| प्रति कक्षाकोठा विद्यार्थी संख्या | २१ जना औसत | १-५ मा २५ जना, ६-१० मा ३५-४० जना पुऱ्याउने | १-५ मा २५ जना, ६-१० मा ३५-४० जना पुऱ्याउने |
| बाह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या | १०० वटा कोठा | | |
| स्थानिय निकायबाट निर्मित विद्यालय कोठा संख्या | | | |
| दलित बालबालिकाको शिक्षामा पहुँच | १०० प्रतिशत | दलित केन्द्रित घर दैलो कार्यक्रम | १०० प्रतिशत कायम राख्ने छात्रवृतीबाट सहयोग पुगेको |
| **खानेपानी तथा सरसफाई** | | | |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | ८६ प्रतिशत | नया आयोजना संचालन गरी यो सुविधा वृद्धी गर्ने प्रयास भएको । | |
| सौचालय भएको संख्या वा प्रतिशत | ९८.२३ प्रतिशत | अभियानको रुपमा सवै घरधुरीमा शौचालय निर्माण कार्यमा जोड | झाडा पखालाबाट मृत्यू हुने बालबालिका संख्या नभेटिएको |

| | | | |
|---|---|---|---|
| | | दिइएको | |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | केहिमा सुविधा भएको तर गाग्रोमा बोकेर सबैमा भएको | सुविधा विस्तार गर्न सवै सरोकारवालाहरु संग समन्वय गरिएको । | |
| सुधारिएको चुलो भएको परिवार संख्या | | सुविधा विस्तार गर्न सवै सरोकारवालाहरु संग समन्वय गरिएको । | |
| **बालबालिका, महिला तथा समावेशी** | | | |
| बालविवाहको संख्या | भएता पनि रिपोटिङ्ग छैन । | जानकारी गराउन अग्रसर गराइएको । | |
| सामाजिक विकृती, विसंगती | नभएको | | यहि अवस्था कायम राख्ने |
| सामाजिक सुरक्षा (जेष्ठ नागरिक, एकल महिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती) | सामाजिक सुरक्षा (जेष्ठ नागरिक, एकल महिला, अपांग आदिको) गा.वि.स. मार्फत वितरण | सरोकारवालाहरुलाइ यस प्रती सजग र सचेत गराई आफ्नो अवस्था जानकारी गराउन अग्रसर गराइएको । | |
| **जनचेतना तथा गरिवी निवारण** | | | |
| बालश्रमको अवस्था | २२ जना होटल र यातायात मा | ईटा भट्टा बन्द गराउदा ६० जना बालश्रम मुक्त | |
| बालक्लवको अवस्था | सवै विद्यालयमा र गाविस स्तरिय वाल क्लव गठन भएको । | वाल क्लवको उपयूक्त परिचालन तर्फ रणनिती तयार गर्न सरोकारवालाहरु संग समन्वय गरिएको । | |
| महिला हिंसा | ३७ जना | जनचेतना मूलक सुचना प्रभाह, हिंसा न्यूनिकरण गोष्ठी, दोहोरो पक्षलाई वोलाएर मिलाउने प्रयास | सरोकारवालाहरु यस्ता विषय प्रती संवेदाशिल भइ सचेतना जगाइ हिंसालाइ नियन्त्रण गर्न सचेत भएका छन् |
| रोजगारीको अवस्था | | | |
| स्वरोजगारका प्रयास | | | |
| गरिवी निवारणका प्रयासहरु | आय आर्जनका कार्यक्रम संचालन गरीएको । | लक्षित केन्द्रित आय आर्जन कार्यक्रममा निरन्तरता प्रदान गरिने तथा अन्य बाह्रय सरोकारवाला संग समन्वय भइरहेको । | |
| सामाजिक परिचालन | | | |
| एच.आइ.भी. र एड्स | | | |
| विकासमा समान सहभागिता | | | |

| सेवाहरुमा पहुंच | | | |
|---|---|---|---|
| स्थानिय वजारमा पुग्न लाग्ने समय | बढीमा १ घण्टा | | |
| कृषी सेवा केन्द्र जान लाग्ने समय | बढीमा ३ घण्टा | | |
| भौगोलिक क्षेत्र, महिला, पिछडिएको तथा सिमांत वर्गको संख्या, निजहरुले पाएको सेवा तथा दिइएको विशेष अवसरहरु | आयार्जनको रुपमा वाखापालन कार्यक्रम संचालन | प्रतिनिधीमूलक मात्र नबनाइ यस्ता कार्यलाइ पूर्ण सहभागितात्मक र उपलब्धिमूलक बनाउन प्रयास भएको । | |
| **संस्थागत क्षमता** | | | |
| जनशक्ति | | | |
| नीति तथा कार्यक्रम | स्थानीय संयन्त्रद्वारा निर्माण | | प्रभावकारी कार्यान्वयनमा जोड |
| भौतिक व्यावस्था | अनुकुल | सरोकारवालाहरु सँग समन्वय | व्यवस्थित बनाउने |
| समन्वय र सहकार्यका प्रयाशहरु | | सरोकारवालाहरु सँग समन्वय गरिदै आइएको | |
| अन्य सामाजिक सम्पादनका क्षेत्रहरु | | | |

## ५. गतवर्षमा भोगेका समस्याहरु

- स्थानीय कृषि / पशु सेवा केन्द्र, उपसेवा केन्द्र, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकीमा अफिस समयमा पनि पुरा समय सेवा नपाउनु,
- खनेपानीको समस्याले सरसफाइको गुणस्तर कायम हुन नसकेको,
- विद्यालयमा पुर्व प्राथमिक तहमा भौतिक सामग्रीको अभाव,
- संस्थागत भौतिक सुधारको निमित्त बजेटको अभाव,
- संस्थागत नीति र योजनाहरुको कार्यान्वयनमा समस्या रहेको ।

## ६. सुधारको लागी चाल्नुपर्ने कदमहरु तथा सुझाव

- स्थानीय तहका स्वास्थ्य संस्थाहरुले आवश्यक औषधीहरुको सम्बन्धित निकायमा समयमै माग गर्नुपर्ने,
- खाने पानीको व्यवस्था मिलाउन सम्बन्धित सरोकारवालाहरु सँग समन्वय गर्नुपर्ने,
- विद्यालयको भौतिक संरचना सुधारको लागि सम्बन्धित पक्षसँग पहल गरि आवश्यक भौतिक सामग्रीको व्यवस्थापन गर्नुपर्ने,
- निर्माण गरिएका नीति र योजनाहरुलाइ कार्यान्वयनमा ल्याउनको लागि सबै पक्षसँग सहकार्य र समन्वय गर्नुपर्ने ।

सामाजिक परीक्षकको नाम : बाबुराम पौडेल

दस्तखत :

मिति :

**अनुसूचि ३**

**सामाजिक परीक्षकको प्रतिवेदन**

**१. विषयगत कार्यालय :** शिक्षा/स्वास्थ्य कार्यालय, कृषि/पशु सेवा कार्यालय र अन्य जिल्ला स्थित बिषयगत कार्यालयहरु

**२. लक्ष्य :**

क. विकासका सम्पूर्ण सरोकारवालाहरु तथा साझेदारसंगको समन्वय र साझेदारी मार्फत अर्घाखाँची जिल्लालाई शान्त, समृद्ध तथा खुल्ला दिशा मुक्त, पूर्ण खोपयुक्त र पूर्ण साक्षर अर्घाखाँचीको निर्माण गर्ने ।

**३. मुख्य उदेश्य :**

क. अर्घाखाँची जिल्लामा संचालन हुने सम्पूर्ण भौतिक, सामाजिक, आर्थिक विकासलाई एकद्वार प्रणाली मार्फत अगाडि बढाउने ।

ख. निर्भाहमुखि कृषि खेति प्रणाली तथा पशुपालन कार्यलाई व्यबसायिकरण र आधुनिकिकरण गराउने ।

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

आ.व. २०७०/०७१

| **संचालित कार्यक्रम वा आयोजनाको नाम** | **लक्ष्य** | **उपलब्धि** | **कैफियत** |
|---|---|---|---|
| साक्षर अर्घाखाँची अभियान | अर्घाखाँचीका १५ देखि ६० वर्ष सम्मका सबैलाई साक्षर बनाउने । | जिल्ला स्तरिय अनौपचारिक शिक्षा समितिको सक्रियतामा केहि गा.वि.स. हरु साक्षर गा.वि.स. घोषणा भएको । | |
| पूर्ण खोपयुक्त अर्घाखाँची कार्यक्रम | अर्घाखाँचीका जन्म देखि ५ वर्ष सम्मका सबै वालबालिकाहरुलाई खोप सुविधा पुऱ्याउने । | जिल्ला स्वास्थ्य कार्यालयको सक्रियतामा केहि गा.वि.स.हरु पूर्ण खोपयुक्त गा.वि.स. घोषणा भएको । | |
| आयआर्जनका लागि कृषी कार्यक्रम | निर्भाहमुखि कृषि खेति प्रणालीलाई आधुनिक कृषि द्धारा आय आर्जन बढाई विदेशिनलागेका युवा रोक्ने । | कृषि/पशु कार्यालय र केहि गैससवाट युवा लक्षित आयआर्जनका लागि कृषी कार्यक्रम सन्चालन । | |

**५. सरोकार पक्षको चाहाना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरु**

- सहभागितात्मक योजना छनौट, कार्यान्वयन तथा आर्थिक पारदर्शिता कायम गराउन वस्ती स्तरबाट नै योजना प्राथमिकीकरण गर्दै कार्यान्वयनमा ल्याउने रणनीति तयार गरिएको,
- विगतमा संचालित तथा अपुरा योजनालाइ पहिलो प्राथमिकतामा राखी अन्य योजनालाइ कार्यन्वयन गर्ने रणनीति निर्माण गरिएको,
- सवै योजनाहरु समयमा नै कार्यान्वयन गराउन तथा सामाजिक जिम्मेवारी पूरा गराउन सवै योजनाहरुको कार्य स्थलमा नै सार्वजनिक परिक्षण गरी योजनाको वजेट सम्वन्धित उपभोक्ता समितीलाई प्रदान गर्ने नीति निर्माण गरिएको,
- आन्तिरिक स्रोतको पहिचान गरी आन्तरिक आम्दानीको स्तर वृद्धी गर्न आवश्यक नीति निर्माण गरी आयमुलक परियोजनाहरु वृद्धी गरिएको ।

**६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :**

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **सुचक सहितको कामको विवरण** |
|---|---|
| कृषि कार्यक्रम, आयआर्जन मूलक परियोजना | उन्नत विउँविजन वितरण र अनुदान सहयोग |
| मोटरबाटो निर्माण र मर्मत | पुराना वाटोहरु मर्मत गरि दैनिक यातायात सन्चालन नयाँ योजनाहरु पहिचनान र बाटो निर्माण कार्यान्वयन |
| खानेपानी तथा सरसफाई योजना | संचालित योजनाहरुको मर्मत सुधार गरि नयाँ योजनाहरु पहिचनान र निर्माण कार्यान्वयन |
| विद्युतिकरण | पुरानो योजनामापोल फेर्ने र नयाँ ठाउमा विद्युतिकरण कार्य सन्चालन |
| ज्येष्ठ नागरिक, महिला, युवा, दलित, जनजाति, अल्पसंख्यक विशेष कार्यक्रम | ज्येष्ठ नागरीकलाई सम्मान, महिला/युवाहरुलाई तालिम प्रदान, दलित, जनजाति, अल्पसंख्यकहरुलाई क्षमता विकास समबन्धि कार्यक्रम |

**७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु**

- न्यून जनशक्ति भएको कारण कार्यक्रमलाई प्रभावकारी बनाउन कठिनाई हुनुका साथै स्थानिय स्तरमा सञ्चालित योजनाहरुको अनुगमन सुपरिवेक्षण गर्नमा समय अपुगले कठिनाई उत्पन्न ।
- आर्थिक वर्षको अन्त्यतिर प्राप्त हुने थप अनुदानका कार्यक्रमहरु वर्षाको कारण कार्यान्वयन गर्न समस्या रहेको ।
- स्थानिय संयन्त्रले अनुगमन प्रक्रियालाइ महत्व प्रदान नगर्दा योजनाको पारदर्शितामा समस्या उत्पन्न ।

**८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरु तथा सुझावहरु**

- लक्षित वर्गलाइ सशक्तीकरण गर्दै योजना लक्षित वर्गकै सहभागितामा प्राथमिकीकरण गरी कार्यान्वयन गरिनु पर्ने ।
- योजनाहरुमा पारदर्शिता र जवाफदेहितालाई कायम गर्न सम्बन्धित सेवाग्राही समक्ष नै सार्वजनिक परिक्षणको कार्यलाई कार्यान्वयन गर्ने ।
- सामाजिक कार्यको गुणस्तर खस्कदो भएको कारण यसलाई सुधार गर्नको लागि विषयगत कार्यालयले स्थानीय स्तरमा नै ठोस नीतिहरु निर्माण गर्दै गुणस्तको अवस्थालाई राम्रो बनाउने कार्य गर्न तर्फ आगामी दिनमा अगाडि बढ्नु पर्ने ।
- गाविस तहमा सञ्चालन हुने सबै कार्यक्रमहरु सहभागितात्मक योजना तर्जूमा प्रक्रियाबाट प्राथमिकीकरण गर्दै छनौट भएका  योजना तथा कार्यक्रमलाई नै पूर्णरुपमा केन्द्रित हुने कार्यको व्यवस्थापनलाई अझ बढि सशक्त बनाउने ।

सामाजिक परीक्षकको नाम : बाबुराम पौडेल

दस्तखत :

मिति :

## ७. सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरु

- कृषि तथा पशु पालन व्यवसायको व्यबसायिकरण र स्वरोजगार मूलक कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखिनु ।
- गाविस तहमा स्थानिय संयन्त्र गाविसको चौतर्फी विकासको लागी योजना प्राथमिकीकरण, छनौट तथा कार्यान्वयनमा एक जुट भई समभ्रुदारीसाथ अगाडी बढ्ने कार्यतर्फ अग्रसर भएको,
- गाविसबाट संचालित सबै योजनाहरुको अनुगमन समितीको रोहवरमा सार्वजनिक परीक्षण गरेपछि मात्र भुक्तानी दिने प्रचलनको सुरुवात गरिएको,
- गाविसमा Downward Accountability तर्फ कार्य गर्न स्थानियतहका कार्यक्रममा लक्षित वर्गको प्रतिनिधित्वलाई अनिवार्यतामा जोड दिन थालिएको,
- सामाजिक परिचालनको कार्यलाई सशक्तबनाई योजना तर्जुमा, छनौट, कार्यान्वयन तथा पारदर्शिता र जवाफदेहितामा सवै वर्ग र क्षेत्रको सहभागितालाई प्राथमिकता प्रदान गर्न थालिएको,
- स्वास्थ्य संस्थाले गांउ घर क्लिनिकबाट प्रदान गर्ने सेवा प्रभावकारी रुपमा अगाडी बढिरहेको,
- स्वास्थ्य संस्थाले प्रदान गर्ने प्राथमिक उपचार सेवा प्रभावकारी नै रहेको,
- विद्यार्थी संख्याको आधारमा सामुदायिक विद्यालयको समायोजनले शिक्षकहरुको घरदैलो कार्यक्रममा उल्लेख्य वृद्धी भएको,
- जिशिकाबाट हुने विद्यालयको अनुगमन प्रक्रियामा बढोत्तरीले शिक्षकहरुको विद्यालयमा हुने उपस्थितीलाई वृद्धी गर्न सक्षम भएको छ ।
- कृषि सेवा कार्यालयमा क्षतिपूर्ति सहितको नागरिक वडापत्र राखिएको कार्यालयमा जादा आवश्यक राय सुझाव प्रात्त भएको छ ।
- पशु सेवा कार्यालयमा सरसफाई र वातावरणीय प्रभाव राम्रो सेवाग्राहिलाई बगैचाको विचमा वस्ने राम्रो प्रतिक्षलय बनाईएको छ ।

## ८. सामाजिक परीक्षणबाट देखिएका चुनौती तथा कमी कमजोरीहरु

- गाविसतहका सवै योजना सहभागितात्मक योजना तर्जूमा प्रक्रियाबाट प्राथमिकीकरण गर्दै छनौट, कार्यान्वयन गरी सुशाशन र जवाफदेहितामा आधारित रहि संचालन गर्नु चुनौती नै रहेको छ,
- गाविस कार्यालयले स्थानीय स्तरमा नै ठोस नीति, रणनीति, उदेश्य र प्राथमिकता तोकी सामाजिक कार्यको गुणस्तर सुधार गर्न कुनै कदम चालेको पाइएन,
- गाविसले वार्षिक समिक्षा मार्फत आएका विषयहरुको अभिलेखिकरण गरी सोही अनुसार कार्यपद्धतीलाई अनुशरण गर्न तर्फ अग्रसर भएको पाइएन,
- आवधिक योजना निर्माण गरी योजना र वजेट विनियोजन गर्न तर्फ गाविसले कुनै कदम चालेको पाइएन,
- औषधीको नाम अंग्रेजीमा नै हुने भएकोले स्वास्थ्य संस्थाबाट निशुल्क वितरण हुने औषधीको सुची तयार गरी सार्वजनिकीकरण गरेतापनि यो जानकारी आमसमुदायमा पुर्‍याउन कुनै कार्य गरेको पाइएन,
- स्वास्थ्य संस्थामा कार्यालय सहयोगीद्धारा औषधी वितरण प्रक्रियामा पूर्ण नियन्त्रणकोलागी कुनै ठोस निती तथा रणनिती निर्माण गरेको पाइएन,
- सामुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षकका सन्ततीहरुलाई सामुदायिक विद्यालयमा नै अध्ययन गराउन कुनै ठोस नीति तथा रणनीति निर्माण र कार्यान्वयन गरेको पाइएन,
- सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर सुधार गर्न, आर्थिक पारदर्शिता कायम गराउन सरोकारवालाहरुद्धारा निर्मित नीति तथा रणनीतिलाई कार्यान्वयन गरेको पाईएन ।

- विद्यालयमा सबै दललाई व्यबस्थापन समितिको अध्यक्ष चाहिने हुदा झगडा र लडाईले लामो समय सम्म पनि विद्यालय व्यबस्थापन समिति गठन नहुदा जि.शि.का.ले कुनै पहल नर्गनु ।

## ९. सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय निकायले चाल्नुपर्ने कदमहरु

- गाविस तहमा सञ्चालन हुने सबै कार्यक्रमहरु सहभागितात्मक योजना तर्जूमा प्रक्रियाबाट प्राथमिकीकरण गर्दै छनौट भएका योजना तथा कार्यक्रमलाई नै पूर्णरुपमा केन्द्रित हुने कार्यको व्यवस्थापनलाई अझ बढि सशक्त बनाउनु पर्ने,
- योजनाहरुमा पारदर्शिता र जवाफदेहितालाई कायम गर्न सम्बन्धित सेवाग्राही समक्ष नै सार्वजनिक परिक्षणको कार्यलाई कार्यान्वयन गराउनु पर्ने,
- गाविसको परिषद् तथा वार्षिक समिक्षा गोष्ठीमा लक्षितवर्गको सहभागितालाइ वृद्धी गर्नु पर्ने, गाउँ तहका सवै समुदायलाई सशक्तिकरणका कार्यक्रम संचालन गरी स्थानिय स्तरमा संचालन हुने कार्यक्रम प्रभावकारी तथा पारदर्शी बनाउदै लैजानु पर्ने,
- सामाजिक कार्यको गुणस्तर खस्कदो भएको कारण यसलाई सुधार गर्नको लागि गाविस कार्यालयले स्थानीय स्तरमा नै ठोस नीतिहरु निर्माण गर्दै गुणस्तरको अवस्थालाई राम्रो बनाउने कार्य गर्न तर्फ आगामी दिनमा अगाडि बढ्नु पर्ने,
- गाविस तहमा शिक्षा, स्वास्थ्य, कृषि लगायतका क्षेत्रको विकासको लागि ठोस नीति, रणनीति, उदेश्य र प्राथमिकता तोकी सोही बमोजिम अगाडि बढ्नु पर्ने,
- गाविसले आवधिक योजना निर्माण गरी योजना कार्यन्वयन गराउदा उपयुक्त हुने, गांउ विकास समितीको बार्षिक कार्ययोजना तर्जुमा गर्दा गाविसमा महिला, एकल महिला, जनजाती, युवा, कृषी, खेलकुद, अपांग सम्बन्धि कार्यक्रमहरु प्राथमिकतामा पार्नु पर्ने,
- दलित, जनजाति, महिला, बालबालिकाको लागि कार्यविधिले तोकेको न्यूनतम परिधिबाट माथि नगइ बजेट विनियोजन गरिएको, उक्त बजेट कार्यान्वयनको स्थिती पनि सिमित व्याक्तीको पहुंचमा मात्र नराखी सवैले अनुभुती गर्न पाउने गरी कार्यक्रम कार्यान्वयन गर्नु पर्ने,
- गाविसले सबै प्रकारका श्रोतको अनुमान गरी प्राप्त हुन सक्ने आयको अनुमान गरी कार्यक्रम निर्माण गर्नु पर्ने, विगतबाट सिकेका पाठहरुको समिक्षा मार्फत आएका विषयहरुको अभिलेखिकरण गरी सोही अनुसार कार्य गर्नु पर्ने,
- गाविसमा बाट परिचालन हुने कार्यक्रमप्रती जनचासो कम छ, जनताले कार्यक्रम र वजेटप्रती खोज तलास गर्ने बानी कम छ, यसलाइ परिवर्तन गर्न सशत्तिकरणका कार्यक्रम सम्बन्धित पक्षलाइ प्रदान गर्नु पर्ने,
- सामाजिक सम्पती संरक्षणप्रती जनचासो भएको पाइदैन,यस तर्फ स्थानिय निकायले संरक्षण कार्य निति बनाई अवलम्वन गर्नु पर्ने,
- गाविसको परिषद् तथा वार्षिक समिक्षा गोष्ठीमा लक्षितवर्गको सहभागितालाइ वृद्धी गर्नु पर्ने,
- स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकीमा कर्मचारीहरु स्वास्थ्य विभागको परिपत्र अनुसार अफिस समय १०.०० वजे देखि ५.०० वजे सम्म पुरा स्वास्थ्य संस्थामा नै बस्नुपर्ने देखिन्छ ।
- निशुल्क औषधि वितरण के के हुन्छन आमसमुदायमा जानकारी न्युन छ, स्वास्थ्य संस्थामा अंग्रेजीमा सो को विवरण हुन्छ, धेरैले त्यो थाहा पाउदैनन्, थाहा पाएकाले बताउदैनन्, यो पद्धती परिवर्तन तर्फ सरोकारवालाहरुको ध्यान जानु पर्दछ ।
- स्वास्थ्य चौकीमा अंग्रेजी नजानेका कार्यालय सहायकले पनि औषधी दिने गर्दछन्, यसले गर्दा बिरामीको ज्यान जोखीममा पर्दैन र ? सुरक्षित मातृत्व सेवा आम जनताको पहुँचमा पूर्ण सुनिश्चित गराउनु पर्ने दायित्व कस्को हो, यस प्रकारका प्रतिक्रियालाइ परिवर्तन गर्न सरोकारवालाहरु सक्रिय हुनै पर्दछ, ।

- सामूदायिक विद्यालयमा जागीर, बोडिङ्ग स्कूलमा आफ्ना छोरा छोरी पढाउने सामूदायिक विद्यालयमा के पढाइ होला, कस्तो गुणस्तरको अपेक्षा गर्ने ? विद्यालय व्यबस्थापन समितिमा अभिवाभकवाट नभई राजनितिकबाट ल्यउने ? भन्ने भनाइलाइ परिवर्तन गर्न सकारात्मक कदम चालिनु पर्दछ ।
- विद्यालयमा भौतिक संरचना निर्माण र मर्मत कार्यगर्दा प्राविधिकको जिम्मामा मात्र नलगाई अनुगमन सुपरिवेक्षण र समन्वय गरि योजना डुब्लिकेशन हुन नदिई प्रभावकारी कार्यान्वियन तर्फ जोडदिनु पर्दछ ।
- सामूदायिक विद्यालयमा व्यावस्थापन समितिका पदाधिकारी लाइ नै विद्यालयको आयव्ययको जानकारी छैन के विद्यालयमा पनि लेखा परिक्षण हुन्छ र ? भन्ने भनाइलाइ परिवर्तन गर्न सकारात्मक कदम चालिनु पर्दछ ।
- कृषि सेवा कार्यालय / पशु सेवा कार्यालयले कहां कहां सेवा दिएको छ योजनाहरु कहां कहां छन आम नागरिकलाई थाहै छैन सेवा र योजना सार्वजनिक हनुका साथै प्रभावकारी अनुगमन गर्नु पर्ने देखिन्छ ।
- विउको गुणस्तरीयतालाइ मध्य नजर राखी बजारमा समेत कार्यालयले अनुगमन गर्नुपर्ने तर यस्तो कार्य हाल सम्म भएको देखिएको छैन ।
- कृषि सेवा कार्यालय / पशु सेवा कार्यालय अर्न्तरगत सेवा केन्द्र उपसेवा केन्द्रका कर्मचारीहरु नियमित रुपमा अफिस समय १०.०० वजे देखि ५.०० वजे सम्म पुरा सेवा कार्यालयमा नै बस्नुपर्ने देखिन्छ ।
- गैससहरुको कार्य पारदर्शी हुदैनन् भन्ने मान्यतामा परिवर्तन गर्न गैससहरुले स्थानीय निकायसँग पूर्ण रुपमा समन्वय गरी कार्य गर्नु पर्ने देखिन्छ, कार्यक्रमहरु एकद्धार प्रणाली मार्फत संचालन गरि कार्यमा हुन सक्ने दोहोरोपनलाइ न्यूनिकरण गर्न सम्बन्धित निकाय क्रियाशिल हुनुपर्दछ र गैससहरुले आमजनसमुदायका लक्षितवर्गलाइ आ-आफ्नो अधिकार प्रती सजग गराउदा उक्त वर्गको दायित्व र कर्तव्य प्रती पनि सजग गराउनु पर्ने देखिन्छ ।
- विषयगत कार्यालयको कार्यप्रति सकारात्मक सन्देश प्रवाह गर्न आगामी दिनमा आमसंचारको सदुपयोग गरीनु पर्दछ ।
- जि.वि.स. अर्घाखांचीले सवै योजनाको सार्वजनिक परिक्षण गरे जस्तै अन्य सवै विषयगत कार्यालयहरुले पनि आ-आफ्नो कार्यालयद्धारा संचालित कार्यक्रम तथा योजनाहरुको सार्वजनिक परिक्षण गर्ने कार्यलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।